नेपाल सरकार

कृषि विकास मन्त्रालय

**उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेत**

**करारमा पदपूर्ति गर्ने बारेको सूचना**

***सूचना प्रकाशित मिति २०७४/०४/१५***

यस उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), आयोजना व्यवस्थापन कार्यालय, सुर्खेतको कार्यक्षेत्र अन्तरगत पर्ने जिल्लाहरु जुम्ला, अछाम, दैलेख र सुर्खेतका लागि तपसिलमा उल्लेखित पदमा सेवा करारमा लिई कार्य गराउनु पर्ने भएको हुँदा इच्छुक उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**तपसिल :**

१. **पद :** सामाजिक परिचालक २. **संख्या** : १६ (सोह्र) ३. **कार्य क्षेत्र** : जुम्ला, अछाम, दैलेख र सुर्खेत

४. **शैक्षिक योग्यता** : कम्तीमा प्रविणता प्रमाण पत्र तह (+ २) उतिर्ण गरेको वा JTA कोर्ष उतिर्ण गरेको ।

५. **अनुभव** :

अ. प्रविणता प्रमाण पत्र तह (+ २) को लागि एक वर्ष सामाजिक परिचालनको क्षेत्रमा काम गरेको हुनु पर्ने ।

आ. JTA कोर्ष उतिर्णको लागि २ (दुई) बर्ष सम्वन्धित क्षेत्रमा वा सामाजिक क्षेत्रमा कार्य गरेको हुनु पर्ने (महिलाको हकमा १ बर्ष काम गरेको) ।

६. **कार्यशर्त विवरण (TOR) र सेवा सुविधा** : कृषि विकास मन्त्रालयबाट स्वीकृत कर्मचारीहरु करारमा लिने सम्बन्धी कार्यविधि अनुसार हुनेछ ।

७. **दरखास्त आइपुग्नु पर्ने अन्तिम मिति** : सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र ।

८. **दरखास्त बुझाउने ठाउँ** : आयोजना व्यवस्थापन कार्यालय, इत्राम, वीरेन्द्रनगर सुर्खेत वा आयोजना सम्पर्क कार्यालय मानभवन, ललितपुर ।

९. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि र कार्य अनुभवका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु । जात जाती खुल्ने प्रमाणपत्र भए सोको प्रतिलिपिहरु समेत पेश गर्ने । कागजातका प्रतिलिपिहरु नेपालको विद्यमान कानून अनुसार नोटरी पव्लिकबाट प्रमाणित भएको हुनु पर्नेछ । यसरी पेश गरिएका सम्पूर्ण कागजातहरुको सूचि (पाना संख्या सहित) आवेदकको हस्ताक्षर सहित संलग्न गर्नु पर्नेछ ।

१०. **दरखास्त दस्तुर** : रु ४००।-

**नोटः** यस आयोजना क्षेत्रमा काम गरेको अनुभव, महिला, दलित, आदिवासी/जनजाति, मधेशी, मुश्लिम, पिछडिएको क्षेत्र वा यस आयोजना लागु भएका जिल्लाका उम्मेदवारहरुलाई विशेष ग्राहयता दिइनेछ । कूल आवश्यक पद संख्याको ३३ प्रतिशत पद महिलाको लागि छुट्ट्याइएको छ । विस्तृत जानकारीको लागि आयोजना व्यवस्थापन कार्यालय (PMU) सुर्खेत/सम्पर्क कार्यालय मानभवन, ललितपुरमा सम्पर्क गरी वा **Website: www.hvap.gov.np** मा हेर्न सकिनेछ ।